# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
## ऋण तथा स्वपूँजी लगानी सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९

सञ्चालक समितिबाट पारित मितिः २०७९।११।०४

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ मा देहाय बमोजिम संशोधन गरेको छः-

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस संशोधनको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ मा संशोधनः हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. लगानी तथा जोखिम व्यवस्थापन उपसमिति सम्बन्धी व्यवस्थाः (१) यस कार्यविधि बमोजिम स्वपूँजी वा ऋण लगानी सम्बन्धी निर्णय प्रकृयालाई सरलीकृत गर्न तथा सो सम्बन्धी निर्णयको कार्यान्वयन गर्न देहायको लगानी तथा जोखिम व्यवस्थापन उपसमिति रहनेछः-

(क) नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत) -संयोजक

(ख) नायव प्रमुख कार्यकारी अधिकृत (वित्त) -सदस्य

(ग) विभागीय प्रमुख, वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग -सदस्य

(घ) विभागीय प्रमुख, प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभाग -सदस्य सचिव

(२) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको काम, कर्तव्य र जिम्मेवारी देहाय

बमोजिम हुनेछः-

(क) कम्पनीबाट लगानी भएका वा लगानीका लागि प्रस्ताव प्राप्त भएका परियोजनाहरुको जोखिम विश्लेषण गर्ने, गराउने,

(ख) स्वपूँजी वा ऋण लगानीका शर्त र बन्देजहरुको मस्यौदा तयार गर्ने,

(ग) परियोजना प्रस्तावको मूल्याङ्कन, जोखिम विश्लेषण तथा निर्धारित शर्त र बन्देजका आधारमा स्वपूँजी वा ऋण लगानीका लागि उपयुक्त देखिएमा राय सहितको प्रस्ताव तयार गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्ने,

(घ) प्रमुख कार्यकारी अधिकृतबाट प्राप्त निर्देशनको कार्यान्वय गर्ने, गराउने।

(३) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको बैठक सम्बन्धी कार्यविधि प्रमुख कार्यकारी अधिकृतले निर्धारण गर्नेछ।"

३. <u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u> मूल कार्यविधिको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>एकीकृत प्राप्ताङ्क तालिका तयार गर्नु पर्नेः</u> (१) प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभाग र वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग दुवै विभागले दफा ८ बमोजिमको विभागीय प्रतिवेदन तयार भएको पन्ध्र दिनभित्र विभागीय प्रतिवेदनहरुमा उल्लेखित प्राप्ताङ्कहरुलाई एकीकृत गरी एकीकृत प्राप्ताङ्क तालिका तयार गर्नु पर्नेछ।

(२) प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले उपदफा (१) बमोजिमको एकीकृत प्राप्ताङ्क तालिका र दफा ८ बमोजिमका विभागीय प्रतिवेदनहरु लगानी तथा जोखिम व्यवस्थापन उपसमिति समक्ष पेश गर्नु पर्नेछ।"

४. <u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u> मूल कार्यविधिको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. <u>लगानी प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> (१) दफा ९ को उपदफा (२) बमोजिम एकीकृत प्राप्ताङ्क तालिका र विभागीय प्रतिवेदनहरु प्राप्त भए पछि लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले सो प्रतिवेदनका आधारमा छलफल, विश्लेषण र मूल्याङ्कन गरी आफ्नो राय सहितको लगानी प्रतिवेदन तयार गरी सात कार्य दिनभित्र प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले उपदफा (१) बमोजिम छलफलको क्रममा थप अध्ययन तथा विश्लेषण गर्नु पर्ने देखिएमा थप अध्ययन तथा विश्लेषण गर्नुपर्ने विषय समेत किटान गरी सम्बन्धितं विभागलाई निर्देशन दिन सक्नेछ र सम्बन्धित विभागले तीन दिनभित्र सो निर्देशन बमोजिम गरी उपसमितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः-

(क) प्रवर्द्धक तथा परियोजनाको प्राविधिक, वातावरणीय तथा सामाजिक, वित्तीय, कानूनी तथा संस्थागत पक्षको विभागीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित विवरणको विश्लेषण,

(ख) सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि अवलम्वन गरिएका उपायहरु,

(ग) लगानी सम्झौतामा समावेश गर्ने लगानीसँग सम्बन्धित प्रमुख शर्त तथा बन्देजहरु, र

(घ) परियोजनामा ऋण वा स्वपूँजी लगानी गर्न उपयुक्त हुने पुष्ट्याँई सहितको लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको राय।

(४) उपदफा (१) बमोजिमको लगानी प्रतिवेदन प्राप्त भए पछि प्रमुख कार्यकारी अधिकृतले सो लगानी प्रतिवेदन उपर अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा प्रस्तावित परियोजना स्वपूँजी वा ऋण लगानीका लागि उपयुक्त हुने ठहऱ्याएमा दफा १२क को उपदफा (१) मा तोकिए बमोजिमको अवस्थाको हकमा प्रमुख कार्यकारी अधिकृतले उक्त परियोजनामा स्वपूँजी वा ऋण लगानी गर्ने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा प्रस्तावित परियोजना स्वपूँजी वा ऋण लगानीका लागि उपयुक्त हुने ठहऱ्याएमा तर दफा १२क को उपदफा (१) मा तोकिए बमोजिमको बाहेकको अवस्थाको हकमा प्रमुख कार्यकारी अधिकृतले आफ्नो राय सहित उक्त लगानी प्रतिवेदन जोखिम व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले उपदफा (१) बमोजिम वा प्रमुख कार्यकारी अधिकृतले उपदफा (४) बमोजिम परियोजनाको विश्लेषण तथा मूल्याङ्कन गर्दा प्रस्तावित परियोजना स्वपूँजी वा ऋण लगानीका लागि उपयुक्त नदेखिएमा सोही व्यहोरा उल्लेख गरी प्रवर्द्धकलाई जानकारी गराउनु पर्नेछ।“

५. मूल कार्यविधिको दफा ११ मा संशोधनः मूल कार्यविधिको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा १० को उपदफा (५) बमोजिम लगानी प्रतिवेदन प्राप्त भएपछि जोखिम व्यवस्थापन समितिले कम्पनीको रोष्टरमा सूचिकृत भएका आवश्यक योग्यता र अनुभव भएका विषयविज्ञबाट शर्त र कार्यक्षेत्र समेत तोकी लगानी प्रतिवेदनको गुणस्तर परीक्षण (क्वालिटी एस्योरेन्स) गराउनु पर्नेछ।"

६. मूल कार्यविधि मा संशोधनः मूल कार्यविधिमा देहायको दफा १२क थप गरिएको छः-

"१२क. प्रमुख कार्यकारी अधिकृतले निर्णय गर्न सक्नेः (१) यस कार्यविधिमा अन्यत्र जुनसूकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले ऋण तथा स्वपूँजी लगानी सम्बन्धी निर्णय गर्न सक्नेछः

(क) कुनै "क" वर्गको वाणिज्य बैंकको अगुवाईमा गठन भएको सहवित्तीयकरणमा सहभागी भई अगुवा बैंकको स्वीकृत ऋणको सीमा ननाघ्ने गरी यस कम्पनीबाट बढीमा रु. ५० करोडसम्म सहवित्तीयकरण ऋण स्वीकृत गर्न।

(ख) सञ्चालक समितिबाट ऋण स्वीकृत भएका परियोजनाहरुमा अगुवा बैंकको स्वीकृत ऋणको सीमा ननाघ्ने गरी यस कम्पनीबाट बढीमा थप रु. ५० करोडसम्म सहवित्तीयकरण ऋण स्वीकृत गर्न।

(ग) सञ्चालक समितिको निर्णय बमोजिम शेयर लगानी भएका कम्पनीहरुमा परियोजनाको क्षमता अभिबृद्धि वा अन्य कुनै कारणले निर्माण लागतमा बृद्धि भएको अवस्थामा थप पूँजी आवश्यक भएको अवस्थामा सम्बन्धित कम्पनीबाट पूँजी बृद्धि गर्ने निर्णय भएकोमा स्वीकृत शेयरहोल्डिङ्ग अनुपातमा नबढ्ने गरी थप शेयर लगानी गर्न।

(२) प्रमुख कार्यकारी अधिकृतले उपदफा (१) बमोजिम लगानीको निर्णय गर्दा यस कार्यविधिको दफा ५ देखि दफा ९ सम्मका दफाहरुमा परियोजना मूल्याङ्कन सम्बन्धमा निर्दिष्ट भएका प्रक्रिया पुरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतले गरेको निर्णयको व्यहोरा तत्काल

पछि वस्ने सञ्चालक समितिमा जानकारी गराउनु पर्नेछ।"

७. <u>मूल कार्यविधिको दफा १५ मा संशोधनः</u> मूल कार्यविधिको दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) स्वपूँजी वा ऋण लगानी वापतको रकम भुक्तानीको लागि प्रवर्द्धक कम्पनी वा अगुवा बैंकबाट माग भएमा कम्पनीको वित्तीय तथा सामान्य व्यवस्थापन विभागले प्राप्त प्रस्तावको आवश्यक अध्ययन गरी स्वपूँजी लगानी वा ऋण लगानी सम्झौताको परिपालनाको अवस्था, संस्थापकद्वारा भुक्तानी गरिएको शेयर रकमको विवरण लगायत अन्य विवरणहरु खुलाई रकम भुक्तानीको लागि नायव प्रमुख कार्यकारी अधिकृत (जलविद्युत) मार्फत प्रमुख कार्यकारी अधिकृत समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागबाट परियोजनाको वर्तमान अवस्था तथा कार्यप्रगतिको मूल्याङ्कन गराई रकम भुक्तानी गर्ने सम्बन्धमा सो विभागको राय समेत संलग्न गर्नु पर्नेछ।

(३) स्वपूँजी लगानी वापतको रकम भुक्तानीको लागि सिफारिस गर्दा कम्पनीबाट प्रवर्द्धक कम्पनीको सञ्चालक समितिमा सञ्चालक मनोनयन भएको भए त्यस्तो सञ्चालकको सिफारिस समेत संलग्न भएको हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम भुक्तानीको सिफारिस भएमा प्रमुख कार्यकारी अधिकृतले आवश्यक जाँच गरी सम्झौता बमोजिम स्वपूँजी वा ऋण लगानी वापतको रकम भुक्तानी गर्न स्वीकृति दिनु पर्नेछ।"